**बैठक संख्याः २०८२।०८३ – ०२**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।

मिति र समयः वि. स. २०८२ भदौ ०१ गते आईतबार समय - ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | धुवराज लामिछाने | | | |
| १६ | अभिलाषा ढकाल लेखा अधिकृत | | | |
| १७ | | | | |
| १८ | | | | |

## घिरिङ गाउँपालिका

## गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८२/०८३/२

मिति : २०८२/०५/०१

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल ।

**प्रस्तावहरु**

१) वार्षिक समिक्ष सम्बन्धमा ।

२) आ.व. २०८२/०८३ स्थानीय दररेट सम्बन्धमा ।

३) भुमी आयोगको तथ्याङ्क संकलन सुविधा सम्बन्धमा ।

४) तीज गीत प्रतियोगिता सम्बन्धमा ।

५) मेलमिलाप कर्ता सूचिकृत सम्बन्धमा ।

६) वडा स्तरीय कानूनी सचेतना कार्यक्रम सम्बन्धमा ।

७) आर्यूवेद कार्यालय करार कर्मचारी सम्बन्मा ।

८) पालिका करार कार्यालय सहयोगी सम्बन्धमा ।

९) कृषि कार्यक्रम सन्चालन कार्यविधि ,२०८२ सम्बन्धमा ।

१०) विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा गत आ.व.को समिक्षा गर्न छुट भएका विषयगत शाखाहरुको समिक्षा कार्यक्रमलाई निरन्तरता दिई सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को पालिका दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा भुमी आयोगको तथ्याङ्क संकलन सुविधा कामकाजमा खटिनु भएका पालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ थप भएको हुँदा उक्त कामकाज सम्पन्न नहुँदा सम्मका लागि खाईपाई आएको तलव सुविधाको २५% थप भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०८२/०५/०३ गतेका दिन महिलाहरुको महान चाड हरितालीका तीज गीत प्रतियोगिता गा.पा.उपाध्यक्षको अध्यक्षतामा गाउँपालिका परिसरमा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा वडा नं.४ मा ४ जना र वडा नं.३ मा १ जना मेलमिलाप कर्ता छनौट हुन बाँकी रहेको हुँदा सम्बन्धित वडाबाट छनौट भै आएका मेलमिलाप कर्तालाई सूचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा समय तालिका मिलाई १ दिने वडा स्तरीय कानूनी सचेतना कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यसै पालिका वडा नं ५ मा रहेको नागरिक आरोग्य सेवा केन्द्र चालु आ.व. देखि सम्बन्धित स्थानीयतहबाट नै संचालन हुने गरी हस्तान्तरण भै आएको हुँदा हाल उक्त आरोग्य केन्द्रमा कार्यरत कर्मचारी श्री रेनुका (थापा) सोमैको २०८२ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा गाउँपालिका कार्यालयमा हाल १ जना मात्र कार्यालय सहयोगी रहेको साथै निजलाई मात्र कामको बोझ भएको हुँदा यसै गाउँपालिका वडा नं.३ बस्ने श्री बुध थापाको छोरा वर्ष २५ को श्री खुम बहादुर थापालाई (मासिक रु.१७२५०।०० सत्र हजार दुई सय पचास रुपाया ) मात्र कार्यालय सहयोगी र जे.सि.वि सवारी चालकमा यसै पालिका वडा नं.२ बस्ने शेर बहादुर थापाको छोरा नेत्र बहादुर थापालाई (मासिक रु.२९६७०।०० उन्नातिस हजार छ सय सत्तरी रुपया ) मा पारिश्रमिक दिने गरि करारमा नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा कृषि कार्यक्रम सन्चालन कार्यविधि ,२०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा घिरिङ गा.पा.हुँदै रामपुर-पाल्पा,चापाकोट-स्याङजा,बौदीकाली -नवलपुर सम्म जाने मुख्य मार्ग कृष्ण मोटर मार्ग विगतका केही वर्षदेखि मुद्धा रहेको र उक्त सडकको स्तर वृद्धि कार्य गर्न कानूनी उल्झनको कारणले हुन नसकेको र हाल सो मुद्धा पुनरावेदन अदालत पाटनबाट फैसला पनि भई सकेको अवस्थामा अव सहजढंगले काम गर्ने वातावरण बनाउनको लागि गण्डकी प्रदेश सरकार सँग आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- यसै गाउँपालिका वडा नं.१ को चं.नं.१०५ मिति २०८२/०५/०१ को पत्रमा साविक गजरकोट गा.वि.स.वडा नं.१ र २ क्षेत्रमा जनघनत्व भएको ५५० घरधुरी परिवार बसोबास रहेको त्यस वस्तीका मानिसहरुलाई स्वस्थ्य सेवा लिन स्वास्थ्य केन्द्र नजिक नभएकोले यहाँको मा अनुसार आवश्यक भएको स्वास्थ्य इकाईको व्यवस्थाका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा माग गर्न स्थानीय तह कार्यपालिका बैठकको निर्णय आवश्यक पर्ने भनि उल्लेख भै आएको हुँदा कार्यापालिका बैठकबाट पनि संघ सरकारबाट दरवन्दी सहितको स्वास्थ्य ईकाइ स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
... तनहुँ
गण्डकी प्रदेश, नेपाल

- यसै पालिका वडा नं.४ को मालपोत असुली सम्बन्धी विषयमा २०३४ सालदेखि २०५१ सालसम्मको मालपोत शुल्क नगदी रसिदबाट लिने निर्णय गरियो ।
- यसै पालिका वडा नं ३ मा रहेको श्री चन्द्रज्योती मा.वि.मा संचालन हुने विशेष कक्षाका लागि कम्तीमा १० जना विद्यार्थि सहभागी भएमा विशेष कक्षा संचालन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- स्वास्थ्य ईकाइहरु गडौलीटार र भोरकोटमा कार्यालय सहयोगी र सामी कार्यक्रमका लागि रिटर्निङ स्वयमसेवक पद पुर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- गाउँपालिका परिसर बाहिर सरसफाईको लागि खटिने कादाहरुको डोर हाजिरीबाट कामकाज लगाई नियमानुसार पारिश्रमीक भुक्तानी दिने निर्णय गरियो ।
- मानपुर देखि साउनेपानी खोल्सीको सडक वर्षादको पानी जमी मानिस र सवारी साधन आवतजावतको लागि कठीनाई भएको हुँदा ट्याक्टरबाट चोकर ढुवानी गरि मर्मतको काम भएको हुँदा नियमानुसार भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

  तपसिल,

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सुजन थापा घिरिङ -४ | १०,०००.०० | विरामी मस्तिष्कमा चोट |
| २ | रेविना थापा घिरिङ -३ | २०,०००.०० | मिस ग्रान्ड गण्डकी २०२५ |
| ३ | मन बहादुर मगर घिरिङ -१ | १०,०००.०० | गोठमा आगलागि |
| ४ | नेवा देय् दबू गण्डकी प्रदेश समिति | १५,०००.०० | |
| ५ | खुल्ला तीज गीत प्रतियोगिता -२०८२ भिमादएफ.एम.१००.९ | १०,०००.०० | |
| ६ | सन्देश थापा घिरिङ -३ | ८,०००.०० | |

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तनहुँ
गण्डकी प्रदेश, नेपाल

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत